त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान २०३९

**पोखरा नर्सिङ्ग क्याम्पसको हस्पीटल चोकमा रहेको सटर भाडामा सञ्चालन गर्ने सम्वन्धी वोलपत्र आव्हानको सूचना । (सूचना प्रकाशित मिती २०८३।०४।०१५)**

यस पोखरा नर्सिङ्ग क्याम्पसको,नाउँमा प्रमाणपुर्जा भएको कि.न. ३० हस्पीटल चोकमा ब्यापारिक प्रयोजनका लागी निर्माण गरीएको सटरहरु भाडामा लिई व्यवसाय सञ्चालन सम्वन्धी कार्य गर्न ईच्छुक व्यक्ति, फर्म, व्यवसायी वा संस्थाहरुलाई यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले २१औं दिन सम्म वोलपत्र खरिद गरी २२औं दिन, दिनको १२:०० वजे भित्रमा तपशिलमा उल्लेखित सर्तको अधिनमा रहने गरी नियमपूर्वक शिलवन्दी वोलपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वोलपत्र पेश गर्दा पालना गर्नु पर्ने सर्तहरू:**

१. वोलपत्र फाराम सटर सञ्चालनका लागि रु. १,०००।- (फिर्ता नहुने गरी) पोखरा नर्सिङ क्याम्पसको खाता न.००९००१००५६३१९४००००००५ मा जम्मा गरेको बैंक भौचर पेश गरी रसिद काटेपछी क्याम्पस कार्यालय पोखरा-१२, रामघाटबाट खरीद गरी प्राप्त गर्न सकिने छ ।

२. वोलपत्र फाराम पेश गर्दा वोलपत्रदाताले कवोल गरेको वार्षिक रकमको २.५% ले हुन आउने रकम धरौटी वापत नेपाल वैंक लिमिटेड तेर्सापट्टीमा रहेको चल्ती खाता नं. ००९००१००५६३१९४००००००३ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ ।

३. वोलपत्रमा उल्लेख गरिएको दररेट अंक र अक्षरमा स्पष्ट सँग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ ।

४. वोलपत्र बुझाउने म्यादको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट समेत वोलपत्र पेश गर्न सकिने छ ।

५. वोलपत्र फाराम क्याम्पस कार्यालयबाट नेपाली नागरिकताको प्रमाण-पत्र, नविकरण गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, आयकर दर्ता प्रमाण-पत्र र मू.अ. कर को प्रतिलिपि सहित निवेदन दिई खरिद गरी श्रीमान् क्याम्पस प्रमुख पोखरा नर्सिङ्ग क्याम्पस, पोखरा - १२, रामघाटलाई सम्वोधन गरी प्रमाणीत आवश्यक कागजपत्रहरु संलग्न गरिएको वोलपत्र, वोलपत्र बुझाउने अन्तिम दिनको १२:०० वजे भित्र बुझाउनु पर्ने छ । वोलपत्रको बाहिरी सिलवन्दी खाममा सटरका लागि वोलपत्र पेश गर्दा जुन सटरका लागि वोलपत्र पेश गरेको हो सो सटर नम्वर प्रष्ट खुलाईएको हुनुपर्ने छ।

६. म्याद नाघेर आएका, सर्त सहितका तथा रीत नपुगेका वोलपत्र माथि कुनै पनि कार्यवाही हुने छैन।

७. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार क्याम्पस प्रशासन समक्ष सुरक्षित रहने छ ।

क्याम्पस प्रमुख

८. वोलपत्र बुझाउने अन्तिम दिन दिनको १:०० वजे कार्यालयमा सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि वोलपत्र खोलिने छ ।

९. वोलपत्र स्वीकृत गर्ने आशयको जानकारी क्याम्पसको सूचना पाटी र क्याम्पसको वेभसाइटमा राखिने छ र वोलपत्र स्वीकृत भएपछि सटर सञ्चालन कार्यका लागि वोलपत्र दाताले कवोल गरेको रकमको ६ महिना बराबरले हुन आउने धरौटी रकम र वार्षिक कवोल रकमको ५% बराबरको जमानत रकम नगदै यस क्याम्पसको ने.वै.लि.तेर्सापट्टी रहेको खाता नं. ००९००१००५६३१९४००००३ मा जम्मा गरेको वैंक भौचर पेश हुनु पर्ने छ ।

१०. यस सूचनामा उल्लेख नभएका विषयहरु वोलपत्र फाराम र त्रि वि अचल सम्पत्ति लिज वा वहालमा लिने दिने सम्बन्धी विनियम,२०८० अनुसार हुनेछ ।

११. वोलपत्र दाताले वोलपत्र फाराममा उल्लेखित सम्पूर्ण सर्तहरु पालना गर्नु पर्ने छ ।

१२. सटर सञ्चालनको सम्झौताको अवधि ५ वर्ष सम्मको हुने छ ।

१३. अन्य थप जानकारी चाहिएमा यस क्याम्पसको क्याम्पस सामान्य प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।

१४. वातावरणीय तथा ध्वनि प्रदुषण हुने, अन्य ब्यक्तिहरुलाई असर पार्ने तथा शिक्षण संस्थाप्रति नकारात्मक असर पार्ने लगायतका व्यवसाय सञ्चालन गर्न पाउने गरि सम्झौता गरिने छैन ।

<u>विवरण</u>

| बोलपत्रको विवरण/कारोवारको किसिम | भाडामा लगाउने सटर विवरण | घर बहाल वाहेकको न्यूनतम भाडा रकम |
|---|---|---|
| | सटर नं ४ | १००००।- |
| | सटर नं ७ | २५०००।- |
| | सटर नं ८ | २२०००।- |
| | सटर नं ११ | २००००।- |

(प्रा. नीता ताम्राकार)
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान पोखरा नर्सिङ्ग क्याम्पस २०३५